नेपाल बीमा प्राधिकरणको द्वैमासिक प्रकाशन

# बीमा समाचार

वर्ष २ अङ्क ३ २०८० जेठ १
(April-May, 2023)

## नेपाल बीमा प्राधिकरणको ५५औं वार्षिकोत्सव

## सरकारले बीमा क्षेत्रलाई उच्च प्राथमिकता दिएको छ : अर्थमन्त्री डा. महत




**माननीय अर्थमन्त्री डा. प्रकाशशरण महत समारोहलाई सम्वोधन गर्नुहुँदै ।**

माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतले बीमा क्षेत्रलाई सरकारले उच्च प्राथमिकता दिएको बताउनुभएको छ ।

नेपाल बीमा प्राधिकरणको ५५औं वार्षिकोत्सवका अवसरमा यही २०८० साल जेठ १ गते काठमाडौंमा आयोजित समारोहलाई सम्बोधन गर्नुहुँदै अर्थमन्त्री डा. महतले नवीन मोडलका साथ स्वतन्त्ररूपले नियामकीय भूमिका निर्वाह गर्न नेपाल बीमा प्राधिकरणलाई निर्देशन दिनुभयो ।

अर्थमन्त्री डा. महतले भन्नुभयो, "देशमा कति बीमा कम्पनी आवश्यक छ ? कतिले दीर्गोरूपमा नागरिकको आवश्यकता धान्न सक्छन् ? बीमा गर्नेले प्रतिफल खोज्ने भएकाले बीमा कम्पनीको हैसियत भोलि के हुन्छ ? बीमा दाबी नतिरेर कम्पनी गायव भए के हुन्छ ? यसतर्फ नियामक निकायले ध्यानदिनुपर्छ ।"

स्वस्थ प्रतिस्पर्धाका साथ बीमितहरूको सुरक्षा गर्ने गरी चल्न बीमा कम्पनीहरूलाई निर्देशन दिनुहुँदै अर्थमन्त्री डा. महतले भन्नुभयो, "सरकारी तथा गैरसरकारी संस्थाहरू पारदर्शिता, जवाफदेहिता र जिम्मेवारीबोधका साथ चल्नुपर्छ, बीमाको पहुँच विस्तारका लागि दक्षताका साथ काम गर्नुपर्छ, बीमाको लागत घट्नुपर्छ, बीमाको दायरा बढ्नुपर्छ । समग्र वित्तीय क्षेत्रमा सुधारको आवश्यकता भएकाले सोही अनुसार अघि बढ्नुपर्छ । सामाजिक सुरक्षालाई बीमाको छातामुनी ल्याउन नीतिगत सुधार आवश्यक छ ।"

अर्थमन्त्री डा. महतले सबै निकायहरू वर्षभरी के के काम गर्न सक्यौं,

संरक्षक
श्री सूर्यप्रसाद सिलवाल, अध्यक्ष

सल्लाहकारहरू
श्री राजुरमण पौडेल, कार्यकारी निर्देशक
श्री कमल प्रसाद रेग्मी, निर्देशक
श्री सुशीलदेव सुवेदी, निर्देशक
श्री दिनेश कुमार लाल, निर्देशक

सम्पादक समूह
संयोजक
श्री पूजन ढुङ्गेल (अधिकारी), निर्देशक

सदस्यहरू
श्री गोविन्द चिमौरिया, प्रेस सल्लाहकार
श्री पुष्पा कुँवर, उप निर्देशक
श्री जमुना अर्याल (आचार्य), सहायक निर्देशक

प्रकाशक
नेपाल बीमा प्राधिकरण
कुपण्डोल, ललितपुर ।
फोनः ०१-५४२१०७९, ५४३८७४३, ५४२८६०४
Email:info@nia.gov.np, Web: www.nia.gov.np



मानननीय अर्थमन्त्री डा. प्रकाशशरण महत, माननीय महालेखापरीक्षक टङ्कमणि शर्मा, नेपाल राष्ट्र बैङ्कका गभर्नर महाप्रसाद अधिकारी, नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल, नेपाल धितोपत्र बोर्डका अध्यक्ष रमेश हमाल र नेपाल चार्टर्ड एकाउन्टेट्स संस्थाका अध्यक्ष सी.ए. भाष्कर सिंह लाला ।

के के गर्न सकेनौं र के कस्ता कमजोरी रह्यो ? त्यसको समीक्षा गरेर अग्रगामी सोचका साथ अगाडि बढ्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

माननीय महालेखापरीक्षक टङ्कमणि शर्माले नियमनकारी निकायहरूले प्रभावकारी भूमिका निर्वाह गरेमा अर्थतन्त्रका समस्याहरु धेरै हदसम्म निराकरण हुने विश्वास व्यक्त गर्नुभयो ।

नेपाल राष्ट्र बैङ्कका गभर्नर महाप्रसाद अधिकारीले वित्तीय क्षेत्र राष्ट्रिय दोस्रो रणनीति स्वीकृतिको चरणमा रहेको र त्यसमा नेपाल बीमा प्राधिकरणबाट प्राप्त सुझावहरूलाई समेत समेटिएको जानकारी दिनुभयो ।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले स्थानीय तहले आफ्ना आर्थिक सहायताको मान्यतालाई परिवर्तन गरी सीमान्तकृत र गरीव परिवारको बीमा गरिदिने हो भने त्यसबाट गरीबी न्यूनीकरणको रणनीतिमा समेत महत्वपूर्ण सहयोग पुग्ने बताउनुभयो ।

अध्यक्ष सिलवालले भन्नुभयो, "वितेका दुई वर्षको अवधिमा बीमाका बारेमा धेरैले जानकारी पाएका छन्, अब बीमाको पहुँच विस्तारमा लाग्नुपर्छ । परम्परागत बीमालेखमा भर पर्नुहुँदैन, नागरिकले परिवर्तन खोजेका छन्, सोही अनुसार बीमा बीमालेख ल्याउनुपर्छ । सरकारले सबै आर्थिक जोखिम लिनसक्दैन, बीमा मार्फत आर्थिक जोखिम लिने काम बीमा कम्पनीको हो, सोही अनुसार सरकारले नीतिगत व्यवस्था गर्नुपर्छ ।"

नेपाल धितोपत्र बोर्डका अध्यक्ष रमेश हमाल र नेपाल चार्टर्ड एकाउन्टेट्स संस्था (ICAN) का अध्यक्ष सी.ए. भाष्कर सिंह लालाले नियामक निकायहरूको आपसी समन्वय र साझेदारीबाट नै वित्तीय क्षेत्रका चुनौतीहरूलाई सम्बोधन गर्न सकिने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले चालू आर्थिक वर्षको चैत मसान्तसम्ममा बीमाको दायरामा आउने जनसङ्ख्या, म्यादी, लघुम्यादी र वैदेशिक रोजगार बीमालेख समेत गरी, बढेर ४४.५५ प्रतिशत पुगेको जानकारी दिनुभयो ।

कार्यकारी निर्देशक पौडेलले प्राधिकरणको निरन्तरको प्रयासका कारण बीमा दाबी भुक्तानीमा सुधार भई चालू आर्थिक वर्षको चैत मसान्तसम्ममा जीवन बीमातर्फ करिव रु २१ अर्ब ७१ करोड र निर्जीवन बीमातर्फ करिव रु १८ अर्ब २४ करोड गरी कूल रु ३९ अर्ब ९५ करोड बीमा दाबी फछ्र्यौट भएको बताउनुभयो ।

समारोहमा विभिन्न मन्त्रालयका सचिव, सहसचिव, विभिन्न निकायका प्रमुख, नेपाल बीमा प्राधिकरणका निर्देशकहरु लगायत कर्मचारीहरु, जीवन बीमक सङ्घ र नेपाल बीमक सङ्का पदाधिकारी, जीवन बीमा, निर्जीवन बीमा, पुनर्बीमा र लघुबीमा कम्पनीका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृत, पेशागत बीमा अभिकर्ता सङ्घ र बीमा सर्भेयर सङ्घका पदाधिकारी, पुनर्बीमा ब्रोकरका प्रतिनिधि र संचारकर्मीहरु लगायतको सहभागिता रहेको थियो ।

# बीमकहरुले आम जनतासम्म पुगेर बीमा सेवा उपलब्ध गराउनुपर्छ : अध्यक्ष सिलवाल




**नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्य प्रसाद सिलवाल र कार्यकारी निर्देशक राजुरमण पौडेलका साथमा प्रभातफेरी र्‍यालीमा सहभागीहरू ।**

नेपाल बीमा प्राधिकरणको ५५औं वार्षिकोत्सवको पूर्वसन्ध्यामा यही २०८० साल वैशाख ३१ गते विहान काठमाडौंमा प्रभातफेरी कार्यक्रम आयोजना गरिएको छ ।

काठमाडौंको भद्रकालीबाट शुरु भएको प्रभातफेरी र्‍याली सुन्धारा, एनएसी, रत्नपार्क हुँदै भृकुटीमण्डपमा पुगेर सभामा परिणत भएको थियो ।

सभालाई सम्बोधन गर्नुहुँदै नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले प्राधिकरण र बीमा कम्पनीहरुको एउटै उद्देश्य भनेको आम जनतालाई बीमाको महत्वका बारेमा जानकारी गराई बीमा सेवा पुर्‍याउनु भएकाले त्यसका लागि सम्बद्ध सबै हातेमालो गरेर अगाडि बढ्नुपर्ने बताउनुभयो ।

अध्यक्ष सिलवालले भन्नुभयो, "पछिल्ला दुई वर्षमा बीमा सम्बन्धी जनचेनता अभिवृद्धिले फड्को मारेको छ । जुनरुपमा बीमा सचेतनाले व्यापकता पाएको छ, त्यहीरुपमा बीमा कम्पनीहरु आम जनतासम्म पुग्नुपर्‍यो, बीमा सेवा उपलब्ध गराउनुपर्‍यो र सेवा दीगो हुनुपर्‍यो । कम्पनीहरुले समयानुकूल बीमालेख ल्याउनुपर्‍यो, बीमितलाई थप सुविधाको व्यवस्था गर्नुपर्‍यो ।"

अध्यक्ष सिलवालले आम नागरिकलाई बीमाको दायरामा ल्याउनका लागि बीमा कम्पनीहरु लगायत सम्बद्ध सबैबाट साथ र सहयोग निरन्तर प्राप्त भइरहने विश्वास व्यक्त गर्नुभयो ।

प्रभातफेरी कार्यक्रममा नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेल, निर्देशक सुशील देव सुवेदी, निर्देशक पूजन ढुङ्गेल (अधिकारी), निर्देशक दिनेश कुमार लाल र कर्मचारीहरु, बीमा कम्पनी र पुनर्बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरु तथा कर्मचारीहरु, जीवन बीमक सङ्घ, नेपाल बीमक सङ्घ, बीमा सर्भेयर सङ्घ र पेशागत बीमा अभिकर्ता सङ्घका पदाधिकारीहरु र संचारकर्मीहरु लगायतको सहभागिता रहेको थियो ।

यसैगरी, नेपाल बीमा प्राधिकरणको ५५औं वार्षिकोत्सवका अवसरमा प्राधिकरणका लुम्बिनी प्रदेश कार्यालय, मधेश प्रदेश कार्यालय र कर्णाली प्रदेश कार्यालयहरुद्धारा यही २०८० साल जेठ १ गते प्रभातफेरी कार्यक्रम आयोजना गरिएको छ ।

प्राधिकरणको लुम्बिनी प्रदेश कार्यालयबाट प्रभातफेरी पश्चात् आयोजित कार्यक्रममा प्रमुख अतिथि बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले उपमहागरपालिकामा बीमा कम्पनीका एकजना प्रतिनिधि राख्न र सुत्केरीको बीमा गर्नका लागि बीमालेख ल्याउन आग्रह गर्नुभयो ।

प्राधिकरणको लुम्बिनी प्रदेश कार्यालयका प्रमुख पूर्ण बहादुर थापाको सभापतित्वमा भएको कार्यक्रममा नेपाल इन्स्योरेन्स प्रोफेसनल्स सोसाइटी, लुम्बिनीका प्रतिनिधि, बीमा कम्पनीका प्रदेश तथा शाखा कार्यालयका कर्मचारी, बीमा सर्भेयर, बीमा अभिकर्ता र संचारकर्मीहरु लगायतको सहभागिता रहेको थियो ।

# बीमकहरु नवीनतम् प्रविधि र दूरगामी सोचका साथ अगाडि बढ्नुपर्छ : अध्यक्ष सिलवाल




शुभकामना आदानप्रदान कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल ।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमा क्षेत्रको समग्र विकास एवम् विस्तारका लागि बीमा कम्पनीहरु नवीनतम् प्रविधि र दूरगामी सोचका साथ सकारात्मक रूपले अगाडि बढ्नुपर्ने बताउनुभएको छ ।

नेपाल बीमा प्राधिकरणद्वारा नववर्षको पूर्वसन्ध्यामा मिति २०७९ साल चैत ३० गते प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोल, ललितपुरमा आयोजित नववर्ष २०८० सालको शुभकामना आदानप्रदान कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष सिलवालले भन्नुभयो, "बीमा क्षेत्रको विकास एवम् विस्तारका लागि प्राधिकरणको मात्र नभई बीमा कम्पनीहरु लगायत सम्बद्ध सबैको साझा प्रयास हुनुपर्छ, बीमा कम्पनीहरु बीमाप्रतिको विश्वास बढ्नेगरी जिम्मेवारीबोधका साथ अगाडि बढ्नुपर्छ, आम नागरिकमा बीमाको पहुँच पुऱ्याउने एकमात्र लक्ष्यका साथ काम गर्नुपर्छ ।"

बीमा क्षेत्रमा प्राप्त उपलब्धीहरूलाई दीगो बनाउने गरी स्वच्छ प्रतिस्पर्धाका साथ बीमा कम्पनीहरु अघि बढ्नुपर्ने उल्लेख गर्नुहुँदै अध्यक्ष सिलवालले भन्नुभयो, "बीमा कम्पनीहरूले बीमाका फाइदाका बारेमा आम जनतालाई बुझाउन सक्नुपर्‍यो, पूँजीको सही परिचालन गर्नुपर्‍यो, सर्वसाधारणले बुझ्नेगरी बीमालेख ल्याउनुपर्‍यो, शाखा तथा उपशाखा कार्यालयहरूलाई अधिकार प्रत्यायोजन गर्नुपर्‍यो, बजार अनुसन्धानमा लगानी गर्नुपर्‍यो, नागरिकले खोजेको परिवर्तन अनुसार अगाडि बढ्नुपर्‍यो ।"

अध्यक्ष सिलवालले आगामी आर्थिक वर्षको बजेटमा सम्बोधन गर्नुपर्ने बीमा सम्बन्धी विषयहरूका बारेमा सुझाव दिन आग्रह गर्नुहुँदै प्राप्त सुझावहरु अर्थ मन्त्रालयमा बुझाइने जानकारी दिनुभयो ।

नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले पछिल्ला वर्षहरूमा बीमाको पहुँच उल्लेख्यरूपले बढ्दै गएर ४४ प्रतिशतभन्दा बढी जनसङ्ख्यामा बीमाको पहुँच पुगेको उल्लेख गर्नुहुँदै बीमा कम्पनीहरूले आम नागरिकको विश्वास जित्नेगरी काम गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक दिनेश कुमार लालले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशकहरु, बीमा कम्पनी र पुनर्बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूको सहभागिता रहेको थियो ।

# बीमा कम्पनीहरू संचालक समितिका अध्यक्षको निगरानीमा रहनुपर्छ : अध्यक्ष सिलवाल



नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल लघुबीमा कम्पनीका संचालक समितिका अध्यक्षहरूलाई शपथ गराउनुहुँदै ।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले विभिन्न चारवटा लघुबीमा कम्पनीका संचालक समितिका अध्यक्षहरूलाई शपथ गराउनुभएको छ ।

अध्यक्ष सिलवालले यही २०८० साल वैशाख ५ गते प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोल, ललितपुरमा गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि. का अध्यक्ष उदिप श्रेष्ठ, नेपाल माइक्रो इन्स्योरेन्स कं. लि. का अध्यक्ष आशिष श्रेष्ठ, क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स लि. का अध्यक्ष ऋषिराज मोर र प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लि. का अध्यक्ष कृतिका अग्रवाललाई शपथ गराउनुभएको हो ।

त्यस अवसरमा नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमा कम्पनीको समग्र जिम्मेवारी संचालक समितिका अध्यक्षको हुने भएकाले कम्पनीहरु अध्यक्षको निगरानीमा रहनुपर्ने बताउनुभयो ।

अध्यक्ष सिलवालले न्यून आय भएका बर्ग र पिछडिएका क्षेत्रलाई लक्षित गरी लघुबीमा व्यवसाय गर्नेगरी धेरै लामो प्रयासपछि लघुबीमा कम्पनीहरु स्थापना भएको उल्लेख गर्नुहुँदै सोही उद्देश्य अनुरूप स्थानीयस्तरमा सञ्जाल विस्तार गरेर स्वस्थ प्रतिस्पर्धाका साथ इमान्दारीपूर्वक काम गर्न निर्देशन दिनुभयो ।

यसैगरी, नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले आइजीआई प्रुडेन्सियल इन्स्यारेन्स लिमिटेडका अध्यक्ष हेमराज ढकाललाई यही २०८० साल वैशाख २७ गते शपथ गराउनुभयो ।

शपथग्रहण कार्यक्रममा नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेल उपस्थित हुनुहुन्थ्यो ।



नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल आइजीआई प्रुडेन्सियल इन्स्यारेन्स लिमिटेडका अध्यक्षलाई शपथ गराउनुहुँदै ।

# सबै कुराको जिम्मा सरकारले लिन सक्दैन, आर्थिक सुरक्षण गर्न बीमा गर्नुपर्छ : अध्यक्ष सिलवाल




**कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल**

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले सरकारले सबै कुराको जिम्मा लिन नसक्ने भएकाले जोखिम हस्तान्तरण गरी आर्थिक सुरक्षण गर्न सबैले बीमा गर्नुपर्ने बताउनुभएको छ ।

नेपाल बीमा प्राधिकरणद्वारा मधेश प्रदेशको पर्सा जिल्लाको बीरगञ्ज महानगरपालिकामा मिति २०७९ साल चैत २२ गते आयोजित बीमा सम्बन्धी अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष सिलवालले भन्नुभयो, “सबै कुराको जिम्मा सरकारले लिन सक्दैन, सरकारले आफ्नो काम गर्छ । जोखिम लिने काम बीमा कम्पनीको हो, त्यसैले सबैले बीमा गर्नुपर्छ । बीमा गरेपछि बीमा दाबी भुक्तानी अवश्य पाइन्छ ।”

बीमा व्यवसायमा देखिएको अस्वस्थ प्रतिस्पर्धा नियन्त्रण गर्न प्राधिकरण दृढताका साथ अगाडि बढिरहेको उल्लेख गर्नुहुँदै अध्यक्ष सिलवालले भन्नुभयो, “बीमा कम्पनीको पूँजी वृद्धिको निर्णयबाट बीमा कम्पनीहरु आर्थिकरूपमा सबल भएका छन् । बीमा गरेपछि दाबी दिनैपर्छ । बीमा दाबी भुक्तानीको अवस्था हेरेर अब बीमा कम्पनीको मूल्याङ्कन हुन्छ ।”

“मधेश प्रदेशमा अझै पनि बीमाको पहुँच न्यून छ । करोडौंका सडक, पुल, भवन बनेका छन्, तर तिनको बीमा भएको छैन । अब तिनको समेत बीमा गरेर जोखिम बीमा कम्पनीलाई हस्तान्तरण गर्नुपर्‍यो । बीमाको पहुँच बढाउन स्थानीय सरकार अग्रसर हुनुपर्‍यो“, अध्यक्ष सिलवालले भन्नुभयो, “बीमा कम्पनीहरूले सूचना प्रविधिलाई अधिकतम प्रयोग गर्नुपर्‍यो, बीमा दाबीका लागि सिफारिश गर्दा वडा कार्यालयहरूले पनि बीमा दाबी गर्ने व्यक्तिका बारेमा राम्रोसँग बुझेर मात्र सिफारिश गर्नुपर्‍यो । स्थानीय सरकारले विपन्न बर्गको बीमा गरिदिनुपर्‍यो, सबै नागरिकको दुर्घटना बीमा गर्नुपर्‍यो, यसबाट जनप्रतिनिधिहरूको लोकप्रियता अझ बढ्छ ।”

बीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले बीमा कम्पनीहरूले बीमा गर्ने तर दाबी दिने बेलामा विभिन्न बहाना बनाएर हैरान पार्ने गरेका गुनासाहरु आउने गरेको उल्लेख गर्नुहुँदै दाबी भुक्तानी स्थानीयस्तरबाट छिटोछरितो रूपमा हुने ठोस नीतिगत व्यवस्था गर्न प्राधिकरणसँग आग्रह गर्नुभयो ।

प्रमुख सिंहले स्वास्थ्य बीमामा धेरै समस्या देखिएकाले स्वास्थ्य बीमालाई समेत नेपाल बीमा प्राधिकरण मातहत राखेर प्रभावकारी बनाउन र बैदेशिक रोजगारीमा जानेहरूका लागि स्थानीयस्तरबाट नै बीमा गर्ने व्यवस्था गर्न आग्रह गर्नुभयो । साथै, उहाँले महानगरपालिकाबाट संचालित विकास निर्माणका आयोजना र कृषिलाई बीमाको दायरामा ल्याउन आगामी बजेट मार्फत अघि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले बीमा दाबी भुक्तानीलाई छिटोछरितो तुल्याउन, बीमा कम्पनीका प्रदेश तथा शाखा कार्यालयलाई सुविधा सम्पन्न बनाउन र बीमा गर्नका लागि गाउँ गाउँमा जान बीमा कम्पनीहरूलाई निर्देशन दिइएको जानकारी दिनुभयो ।

नेपाल बीमा प्राधिकरणका निर्देशक दिनेश कुमार लालले बीमा सम्बन्धी समग्र विषयमा प्रस्तुती गर्नुभयो ।

नेपाल जीवन बीमक संघका अध्यक्ष पोषक राज पौडेल र सानिमा जीआईसी इन्स्योरेन्स कम्पनीका प्रमुख कार्यकारी अधिकृत सुद्युम्न प्रसाद उपाध्यायले बीमा दाबीका लागि सिफारिश गर्दा यथार्थ बुझेर मात्र सिफारिश गर्न र विचौलियाहरु माथि निगरानी बढाउन वडा कार्यालयहरूसँग आग्रह गर्नुभयो ।

कार्यक्रममा सहभागीहरूले बीमा दाबी भुक्तानी पाउन कठिन रहेको, दाबी भुक्तानी गर्ने बेलामा बीमा कम्पनीहरूले झन्झट दिने गरेको, बीमा व्यवसायमा अस्वस्थ प्रतिस्पर्धा रहेको, स्वास्थ्य बीमा राम्रो भए पनि समस्याग्रस्त रहेको, कम्पनीले आफ्नो पूँजीभन्दा पनि बढी व्यवसाय गर्नाले समस्या देखिएको लगायतका गुनासाहरु गर्नुभएको थियो ।

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख कुसुम शर्माले संचालन गर्नुभएको कार्यक्रममा बीरगञ्ज महानगरपालिकाका उपप्रमुख, वडा अध्यक्ष तथा कार्यकारी सदस्य र कर्मचारीहरु, बीमा कम्पनीका प्रदेश तथा शाखा कार्यालयका प्रमुख, बैंक तथा वित्तीय संस्थाका पदाधिकारी, उद्योगी व्यवसायी, यातायात व्यवसायी, अगुवा कृषकहरु लगायतको सहभागिता रहेको थियो ।

## आर्थिक सहायता, चन्दा जस्ता खर्च बन्द गरेर सबैको बीमा गर्न अध्यक्ष सिलवालको आग्रह




**नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल जीतपुरसिमरा उपमहानगरपालिकाका प्रमुख राजन पौडेललाई सम्झनाको चिन्ह प्रदान गर्नुहुँदै ।**

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले नागरिकलाई बीमाका बारेमा बुझाउन र सेवासँग आवद्ध गरेर सबैलाई बीमाको दायरामा ल्याउन स्थानीय तहसँग आग्रह गर्नुभएको छ ।

नेपाल बीमा प्राधिकरणबाट मधेश प्रदेशको बारा जिल्लाको जीतपुरसिमरा उपमहानगरपालिकामा मिति २०७९ साल चैत २१ गते आयोजित बीमा सम्बन्धी अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष सिलवालले स्थानीय तहले आर्थिक सहायता, चन्दा जस्ता खर्च बन्द गरेर सबैको बीमा गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

अध्यक्ष सिलवालले साना बीमा दाबी भुक्तानीका सम्बन्धमा प्राधिकरणले स्पष्ट निर्देशन दिइसकेकाले अब बीमा कम्पनीहरूबाट दाबी भुक्तानी छिटो हुने उल्लेख गर्नुहुँदै दाबी भुक्तानी समयमा नै नगर्ने कम्पनीहरु बजारमा टिक्न नसक्ने बताउनुभयो ।

जीतपुरसिमरा उपमहानगरपालिकाका प्रमुख राजन पौडेलले बीमा कम्पनीहरूले कृषकका आवश्यकता अनुसारका बीमालेखहरु ल्याउनुपर्ने र कृषकका घरगोठ तथा खेतबारीमा पुगेर बीमा गराउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

प्रमुख पौडेलले स्थानीय तहले संचालन गर्ने योजनाहरूमा बीमालाई कसरी जोड्न सकिन्छ भन्ने सम्बन्धमा छलफल गरी अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले बीमाका बारेमा बुझाएर सक्नेलाई बीमा गर्न प्रोत्साहन गर्ने र नसक्नेको बीमा गरेर बीमाको दायरा बढाउन सके विपद्का बेला क्षतिपूर्ति एवम् राहतका लागि स्थानीय तहलाई थप आर्थिक भार नपर्ने बताउनुभयो ।

नेपाल बीमा प्राधिकरणका निर्देशक दिनेश कुमार लालले बीमाको परिचय, महत्व, दाबी भुक्तानी प्रक्रिया, बीमाको दायरा विस्तारमा स्थानीय तहको भूमिका लगायतका विषयमा प्रस्तुती गर्नुभयो ।

जीतपुर सिमरा नगर उद्योग वाणिज्य संघका अध्यक्ष मोहन प्रसाद शर्माले बीमाबाट उद्योग व्यवसायको जोखिम हस्तान्तरण गरी आर्थिक सुरक्षण हुने भएकाले सबैलाई बीमा गर्न आग्रह गर्नुभयो । साथै, उहाँले बीमा गर्ने व्यक्तिले भन्दा बीमा गराउने व्यक्तिले बढी लाभ लिने प्रवृत्तिलाई नियन्त्रण गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।


नेपाल जीवन बीमक संघका अध्यक्ष पोषक राज पौडेल र सानिमा जीआईसी इन्स्योरेन्स कम्पनीका प्रमुख कार्यकारी अधिकृत सुद्युम्न प्रसाद उपाध्यायले नेपाल बीमा प्राधिकरणको निर्देशन अनुरूप बीमा दाबी भुक्तानीलाई छिटोछरितो बनाउनुका साथै बीमा सेवा विस्तारमा जोड दिँदै आएको जानकारी दिनुभयो ।

कार्यक्रममा सहभागीहरूले बजार मूल्य अनुसार पशुको बीमा गर्न नपाएको, बीमा दाबी भुक्तानी समयमा नपाएको, मोटर बीमाको न्यून दाबी भुक्तानी पाउने गरेको, जग्गाधनीले नभई जग्गा भाडामा लिएर खेती गर्नेले बीमा रकम पाउनुपर्ने माग सम्बोधन नभएको लगायतका धारणा राख्नुभएको थियो ।

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख कुसुम शर्माले संचालन गर्नुभएको कार्यक्रममा जीतपुरसिमरा उपमहानगरपालिकाका उपप्रमुख, वडा अध्यक्ष तथा सदस्य र कर्मचारीहरु, बीमा कम्पनीका प्रदेश तथा शाखा कार्यालयका प्रमुख, उद्योगी व्यवसायीमहरु लगायतको सहभागिता रहेको थियो ।

एक बीमक एक बीमा अभिकर्ता

# अनलाइन प्रणालीबाट बीमा अभिकर्ताको अनुगमन गर्न सहज हुन्छ : अध्यक्ष सिलवाल



नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल अनलाइन प्रणाली मार्फत एक बीमक एक बीमा अभिकर्ता व्यवस्थापन कार्यको शुभारम्भ गर्नुहुँदै ।

नेपाल बीमा प्राधिकरणले बीमा ऐन, २०७९ बमोजिम अनलाइन प्रणाली मार्फत 'एक बीमक एक बीमा अभिकर्ता' को व्यवस्थापन कार्य शुरु गरेको छ ।

प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोल, ललितपुरमा मिति २०७९ साल चैत ५ गते आयोजित कार्यक्रममा नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले अनलाइन प्रणाली मार्फत एक बीमक एक बीमा अभिकर्ता व्यवस्थापन कार्यको शुभारम्भ गर्नुभयो ।

अध्यक्ष सिलवालले अनलाइन प्रणालीका माध्यमबाट बीमा अभिकर्ताको व्यवस्थापन भएपछि बीमा अभिकर्ताको परिचय, रहने स्थान र आवद्ध कम्पनी लगायतका बारेमा स्पष्ट जानकारी प्राप्त हुने हुँदा बीमा अभिकर्ताको अनुगमन गर्न सहज हुने बताउनुभयो ।

अध्यक्ष सिलवालले बीमा व्यवसायमा बृद्धि भएसँगै बीमा अभिकर्ताको सङ्ख्या पनि बढ्ने भएकाले विश्वसनीय ढङ्गले जिम्मेवारी बोधका साथ बीमा अधिकर्ताले काम गर्नुपर्ने बताउनुभयो ।

नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले अनलाइन प्रणालीमार्फत बीमा अभिकर्ताको व्यवस्थापन र इजाजतपत्र नवीकरण कार्यमा कुनै समस्या आउन नदिन र आएमा तत्काल समाधान गर्न निर्देशन दिनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका सहायक निर्देशक शम्भु प्रसाद मिश्रले अनलाइन प्रणालीका माध्यमबाट एक बीमक एक अभिकर्ताको व्यवस्थापन र इजाजपत्र नवीकरण लगायतका बारेमा प्रस्तुती गर्नुभएको थियो ।

प्राधिकरणले अनलाइन प्रणाली मार्फत एक बीमक एक बीमा अभिकर्ताको व्यवस्थापनको कार्यसँगै विभिन्न अनलाइन भुक्तानी सेवा प्रदायहरूबाट नबीकरण दस्तूर भुक्तानी गरी बीमा मध्यस्थकर्ता (बीमा अभिकर्ता र सर्भेयर) को इजाजतपत्र नबीकरणको व्यवस्थालाई निरन्तरता दिएको छ ।

साथै, अनलाइन प्रणाली मार्फत बीमा अभिकर्ता र सर्भेयरको इजाजतपत्र नवीकरण भएको जानकारी इमेल र एसएमएस मार्फत सम्बन्धित व्यक्तिलाई जानकारी दिने व्यवस्था समेत मिलाइएको छ ।

## बीमकका प्रदेश तथा शाखा कार्यालय प्रमुखहरूसँग अन्तरक्रिया

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले कारोवार कम भए पनि बीमाप्रतिको विश्वसनीयता कायम हुनेगरी बीमा व्यवसाय गर्न बीमा कम्पनीहरूलाई निर्देशन दिनुभएको छ ।

नेपाल बीमा प्राधिकरणको आयोजनामा मधेश प्रदेशस्थित बीमकहरूका प्रदेश तथा शाखा कार्यालयका प्रमुख र कर्मचारीहरूसँग मिति २०७९ साल चैत २३ गते भएको अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष सिलवालले बीमालेख नवीकरणमा विशेष ध्यान दिन निर्देशन दिनुभयो ।

अध्यक्ष सिलवालले भन्नुभयो, "मधेश प्रदेशमा बीमाको पहुँच ८ प्रतिशत मात्र छ । मधेशमा बीमाको पहुँच बढाउन बीमा कम्पनीहरु नयाँ ढङ्गले अगाडि बढ्नुपर्‍यो । योग्य र दक्ष बीमा अभिकर्ताका माध्यमबाट बीमा व्यवसाय गर्नाले बीमाको पहुँच बढ्छ, त्यसतर्फ ध्यान दिनुपर्‍यो । बीमा गरेपछि विपन्न परिवारले क्षतिको क्षतिपूर्ति बीमा कम्पनीबाट पाउँछन्, मिटरब्याजीकोमा जानु पर्दैन । तसर्थ, बीमाले मिटरब्याजीलाई निरूत्साहित गर्छ ।"

अध्यक्ष सिलवालले भन्नुभयो, "बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत, प्रदेश प्रमुख र शाखा प्रमुखहरूले बीमालेख र बीमाशुल्कमा मात्र ध्यान दिनु भएन, बीमालेख नवीकरणमा पनि ध्यान दिनुपर्‍यो । ल्याप्स र सरेण्डरको अवस्था आउन नदिने गरी काम गर्नुपर्‍यो ।"

अध्यक्ष सिलवालले बीमा व्यवसायमा देखिएका समस्याहरूको समाधानका लागि विकल्प सहित आउन आग्रह गर्नुहुँदै सोही अनुरूप समस्या समाधान गर्न प्राधिकरण तयार रहेको बताउनुभयो ।

नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले बीमा दाबी भुक्तानीलाई छिटोछरितो बनाउन र अस्वस्थ प्रतिस्पर्धा नगर्न बीमा कम्पनीहरूलाई निर्देशन दिनुभयो ।

# नेपाल बीमा प्राधिकरण कर्मचारी युनियनको तेस्रो महाधिवेशन उद्घाटन

## बीमा कम्पनीले मुनाफाको दुई प्रतिशत कर्मचारीको हक हितमा खर्च गर्नुपर्छ : अध्यक्ष सिलवाल




नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल र कार्यकारी निर्देशक राजुरमण पौमेलका साथमा कार्यक्रममा सहभागीहरू ।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमा कम्पनीहरूले बीमा गरेपछि दाबी भुक्तानी हुन्छ भन्ने कुरालाई तथ्याङ्कबाट नै स्पष्ट गर्नुपर्ने बताउनुभएको छ ।

नेपाल बीमा प्राधिकरण कर्मचारी युनियनको तेस्रो महाधिवेशनको यही २०५० साल वैशाख १५ गते ललितपुरमा उद्घाटन गर्नुहुँदै अध्यक्ष सिलवालले पूँजी वृद्धिका लागि मर्जरमा गएका बीमा कम्पनीहरु भावनात्मक रूपमा समेत मिलेर अघि बढेमा खासै समस्या नआउने बताउनुभयो ।

अध्यक्ष सिलवालले भन्नुभयो, "बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूले आफ्नो अधिकार प्रयोग गर्नुपर्‍यो, अस्वस्थ प्रतिस्पर्धा गर्नु भएन, स्वस्थ प्रतिस्पर्धाका साथ अगाडि बढ्नुपर्‍यो, कर्मचारीहरु पनि दक्षता अभिवृद्धिका साथ कम्पनीमा सुशासन कायम गर्न, कम्पनीलाई अगाडि बढाउन लाग्नुपर्‍यो, कर्मचारीहरु चेन अफ कमाण्डमा बस्नुपर्‍यो, कम्पनीले मुनाफाको दुई प्रतिशत कर्मचारीको हक हितमा खर्च गर्नुपर्‍यो, त्यसो नभएमा कर्मचारीहरूले प्राधिकरणलाई जानकारी दिनुपर्‍यो ।"

अध्यक्ष सिलवालले बीमा कम्पनीहरु शहरी क्षेत्रमा मात्र केन्द्रित भएका कारण बीमाको आवश्यकता परेका व्यक्तिले बीमा गर्न नपाएकाले लघुबीमा कम्पनीहरु संचालनमा आएको स्पष्ट गर्नुहुँदै बीमा कम्पनीका कर्मचारीहरूका एकैखालका समस्या भए समाधानका विकल्प सहित प्राधिकरणलाई जानकारी दिएमा त्यसलाई सम्बोधन गर्न प्राधिकरणले पहल गर्ने बताउनुभयो ।

नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले बीमाप्रतिको विश्वास बढ्ने गरी बीमा व्यवसायलाई मर्यादित बनाएर अघि बढाउन र कम्पनीमा सुशासन कायम गर्न कर्मचारीहरूले भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो ।

नेपाल बीमा प्राधिकरणका निर्देशक पूजन ढुङ्गेल (अधिकारी) ले संस्थालाई सफलरूपमा अघिबढाउन व्यवस्थापन र कर्मचारी संघ संस्थाहरु मिलेर अगाडि बढ्नुपर्ने बताउनुभयो ।

कार्यक्रम नेपाल बीमा प्राधिकरण कर्मचारी युनियनका अध्यक्ष पूर्ण बहादुर थापाको सभापतित्वमा भएको थियो ।

## बीमकका प्रदेश तथा शाखा कार्यालयहरूको स्थलगत अनुगमन

नेपाल बीमा प्राधिकरणका निर्देशक दिनेश कुमार लालले मधेश प्रदेशको धनुषा जिल्लाको जनकपुरमा रहेका बीमा कम्पनीहरूका प्रदेश तथा शाखा कार्यालयहरूको यही २०८० साल वैशाख ३ गते स्थलगत अनुगमन गर्नुभएको छ ।

अनुगमनका क्रममा बीमा कम्पनीहरूका प्रदेश तथा शाखा कार्यालयहरूको भौतिक अवस्था कमजोर रहेको, कतिपय कार्यालयमा एक दुईजना मात्र कर्मचारीहरु रहेको, बीमितले प्रतीक्षा गर्ने ठाउँको व्यवस्था नगरिएको, कार्यालयहरूलाई केन्द्रबाट अधिकार प्रत्यायोजन नभएको लगायतका समस्याहरु देखिएको निर्देशक लालले जानकारी दिनुभयो ।

आजै नेपाल बीमा प्राधिकरणको आयोजनामा जनकपुरमा बीमकका प्रदेश तथा शाखा कार्यालयहरूका प्रमुख एवम् प्रतिनिधिहरूसँग बीमा सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्राधिकरणका निर्देशक दिनेश कुमार लालले बीमा ऐन, २०७९ मा भएका व्यवस्था, नेपाल बीमा प्राधिकरण र प्राधिकरणका प्रदेश कार्यालयका कार्य, बीमकका शाखा कार्यालयका मापदण्ड, जोखिमाङ्कनको प्रभावकारिता लगायत बीमा सम्बन्धी समग्र विषयमा जानकारी दिनुभएको थियो ।

कार्यक्रममा बीमकका प्रदेश तथा शाखा कार्यालयका प्रमुख एवम् प्रतिनिधिहरूले केन्द्रीय कार्यालयले लक्ष्य मात्र दिएको तर अधिकार भने प्रत्यायोजन नगरेको, कार्यालयमा आवश्यक जनशक्तिको व्यवस्था नभएको, सरेण्डरको समस्या रहेको, बीमा अभिकर्ताबाट उचित किसिमले जोखिमाङ्कन नहुँदा दाबी भुक्तानीमा समस्या देखिएको, केन्द्रबाट जथाभावी सरुवा गर्ने र अनावश्यक दबाद दिने गरेको लगायतका गुनासाहरु गर्नुभएको थियो ।

कार्यक्रममा बीमा कम्पनीहरूका प्रदेश तथा शाखा कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु, नेपाल इन्स्योरेन्स प्रोफेसनल्स सोसाइटी (निप्स), जनकपुरका पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

## बागलुङ र म्याग्दी जिल्लामा बीमा सम्बन्धी अन्तरक्रिया
## समयमैं बीमा दाबी भुक्तानी गरेर बीमाप्रतिको विश्वसनीयता बढाउन आग्रह

नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयको आयोजनामा गण्डकी प्रदेशका बाग्लुङ र म्याग्दी जिल्लाका विभिन्न नगरपालिका तथा गाउँपालिकाहरूमा मिति २०७९ साल फागुन र चैतमा बीमा सम्बन्धी सचेतनामूलक अन्तरक्रिया कार्यक्रमहरु सम्पन्न भएका छन् ।

म्याग्दी जिल्लाको रघुगङ्गा गाउँपालिकामा गत फागुन २८ गते भएको कार्यक्रममा प्रमुख अतिथि रघुगङ्गा गाउँपालिकाका अध्यक्ष भव बहादुर भण्डारीले बालविवाहलाई निरूत्साहित गर्न ल्याइएको 'छोरीका लागि बचत कार्यक्रम' लाई 'बीमा कार्यक्रम' मा परिणत गर्न पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

म्याग्दी जिल्लाको बेनी नगरपालिकामा गत फागुन २९ गते भएको कार्यक्रममा प्रमुख अतिथि बेनी नगरपालिकाका प्रमुख सुरत के.सी. ले बीमाको दायरा विस्तारका लागि बीमा कम्पनीहरूले पनि समयमैं बीमा दाबी भुक्तानी गरी बीमाप्रतिको विश्वसनीयता बढाउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

बागलुङ जिल्लाको बाग्लुङ नगर पालिकामा गत फागुन ३० गते भएको कार्यक्रममा प्रमुख अतिथि बागलुङ नगरपालिकाका प्रमुख बसन्त कुमार श्रेष्ठले बीमा सम्बन्धी कार्यक्रम आयोजना गरी बीमाका बारेमा विस्तृतरूपमा जानकारी दिएकोमा प्राधिकरणप्रति आभार प्रकट गर्नुभयो ।

नगरपालिकाका उपप्रमुख राजु खड्काले नगरपालिका क्षेत्रमा रहेका ऐतिहासिक सम्पदाहरूको बीमा गर्ने र श्रमिक महिलाहरूलाई बीमामा समेट्नका लागि आवश्यक कदम चाल्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

बागलुङ जिल्लाको काठेखोला गाउँपालिकामा गत चैत १ भएको कार्यक्रममा काठेखोला गाउँपालिकाका अध्यक्ष राजु थापाले बीमाको पहुँच विस्तारका लागि गाउँपालिकाले नीतिगत व्यवस्था गर्ने जानकारी दिनुभयो ।

ती कार्यक्रमहरूमा नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयका प्रमुख केशव प्रसाद दाहालले प्राधिकरणको काम, कर्तव्य र अधिकार, बीमाको परिचय, महत्व, बीमा गर्ने विधि, दाबी भुक्तानी प्रक्रिया बीमा व्यवसायको विद्यमान अवस्था, बीमाको विकास एवम् विस्तारमा स्थानीय तहको भूमिका लगायतका विषयमा प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा सहभागीहरूले बीमा कम्पनीहरूले कृषिबीमा गर्न नमानेको, भैंसी र बजार मूल्य रु एक लाख पर्ने भैंसीको रु २०/३० हजारको मात्र बीमा हुने गरेको, गाई, भैंसी र बाखाको बीमाङ्कमा एकरूपता नभएको, बीमा गरेका कुखुरा सबै मरेमा दाबी भुक्तानी सहज हुने तर थोरै थोरै मर्दा भने दाबी भुक्तानी झन्झटिलो हुने गरेको, दुर्गम क्षेत्रमा बीमा कम्पनीको उपस्थिति न्यून रहेको, जीवन बीमातर्फ बीमितको आयस्तर र निजले बुझाउनुपर्ने बीमाशुल्कमा मेल नखाने गरेका कारण समर्पणको समस्या देखिएको लगायतका गुनासाहरु राख्नुभएको थियो ।

ती कार्यक्रमहरमा सम्बन्धित स्थानीय तहका वडा अध्यक्ष, सदस्य तथा कर्मचारीहरु, बीमा कम्पनीका शाखा कार्यालयका प्रमुख, बीमा अभिकर्ता, प्राविधिक, अगुवा कृषक, महिला समूहका प्रतिनिधिहरु लगायतको सहभागिता रहेको थियो ।

## बीमा अभिकर्ताहरूसँग अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयद्वारा मधेश प्रदेशका विभिन्न जिल्लामा रहेका जीवन तथा निर्जीवन बीमा अभिकर्ताहरूसँग यही २०८० साल वैशाख १९ गते वीरगञ्जमा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको छ ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख कुसुम शर्माले बीमा अभिकर्ताहरूले बीमा गर्न चाहने व्यक्तिको आवश्यकता र आर्थिक अवस्थाका बारेमा बुझेर बीमा गर्नुपर्ने बताउनुभयो ।

उहाँले बीमालेखका शर्त तथा सुविधाका बारेमा अनिवार्यरूपमा बीमितलाई जानकारी गराउन, वित्तीय तथा मेडिकल जोखिमाङ्कन राम्रो गर्न र बीमा अभिकर्ताको पेशालाई मर्यादित बनाउँदै अगाडि बढ्न निर्देशन दिनुभयो ।

कार्यक्रममा सहभागी बीमा अभिकर्ताहरूले बीमितले बीमा सम्बन्धी गलत कार्य गरेमा हुने दण्ड सजायँका बारेमा बीमालेखमा नै उल्लेख हुनुपर्ने, बीमा अभिकर्ताहरूको दुर्घटना बीमा गर्ने व्यवस्था हुनुपर्ने, बीमा अभिकर्तालाई आभारभूत सुविधा उपलब्ध गराउनुपर्ने, तालिमको व्यवस्था हुनुपर्ने लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रममा बीमा कम्पनीका शाखा कार्यालयका प्रमुख/प्रतिनिधि र बीमा अभिकर्ताहरु लगायतको सहभागिता रहेको थियो ।

## रूकुम पश्चिम र जाजरकोट जिल्लामा बीमा सचेतना कार्यक्रम

### जनताको जीवनस्तर उकास्न CSR मार्फत् योगदान पुऱ्याउन बीमकहरूसँग आग्रह

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजना मिति २०७९ साल चैतमा रूकुम पश्चिम र जाजरकोट जिल्लामा बीमा सचेतना कार्यक्रम सम्पन्न भएको छ ।

रूकुम पश्चिमको चौरजहारी नगरपालिकामा गत चैत १७ गते भएको कार्यक्रममा प्रमुख अतिथि चौरजहारी नगरपालिकाका प्रमुख पुष्प वादीले कृषि, पशुपन्छी तथा जडिबूटी बीमालाई प्रभावकारी बनाउन नीति बनाउने प्रतिवद्धता व्यक्त गर्नुहुँदै बीमा कम्पनीहरूले संस्थागत सामाजिक उत्तरदायित्व (CSR) अन्तर्गत कर्णालीका जनताको जीवनस्तर उकास्न योगदान पुऱ्याउन सके बीमाप्रतिको जागरण उल्लेख्यरूपले बढ्ने विचार व्यक्त गर्नुभयो ।

उहाँले बीमा गर्नका लागि कर्णालीमा बीमा सर्भेयर र बीमा कम्पनीका कर्मचारीहरु अपर्याप्त रहेको जानकारी दिनुहुँदै बीमाको पहुँच विस्तारका लागि आवश्यक नीतिगत व्यवस्था गर्न पहल गर्ने जानकारी दिनुभयो ।

जारकोटको भेरी नगरपालिकामा गते चैत १७ गते नै भएको बीमा सम्बन्धी सचेतनामूलक कार्यक्रममा भेरी नगरपालिकाका प्रमुख चन्द्र प्रकाश घर्तीले जोखिम व्यवस्थापनका लागि सबैले बीमा गर्ने बानी बसाल्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

भेरी नगरपालिकाका उपप्रमुख सीता जैसीले बीमा अभिकर्ताले प्रलोभन देखाएरभन्दा बीमाका बारेमा स्पष्ट बुझाएर र व्यक्तिको आर्थिक अवस्था बुझेर बीमा गराउनुपर्ने बताउनुभयो ।

कार्यक्रममा सहभागीहरूले बीमा कम्पनीका कार्यालयहरूमा कर्मचारीहरु नै नबस्ने गरेको, जटिल भौगोलिक अवस्थाका कारण सम्पत्ति बीमा गर्न कठिन रहेको, बीमा सेवा कि व्यवसाय भन्ने स्पष्ट नभएको उल्लेख गर्नुहुँदै स्थानीय तहले बीमा सम्बन्धी नीति बनाएर नागरिकको जोखिम व्स्थापन गर्नुपर्ने, बीमा सचेतना फैलाउन एकीकृतरूपमा कार्यक्रमहरु आयोजना गर्नुपर्ने आवश्यकता औंल्याउनुभएको थियो ।

ती कार्यक्रमहरूमा नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका प्रमुख पदम प्रसाद सोडारीले बीमा सार्वजनिक सेवा भएकाले बीमा कम्पनीहरूले सेवा दिन्न भन्न नपाउने उल्लेख गर्नुहुँदै बीमा कम्पनीले कृषिबीमा गर्न नमानेमा, क्षति मूल्याङ्कन गर्न सर्भेयरहरु खटाउन ढिलासुस्ती गरेमा र दाबी भुक्तानीमा ढिलाई गरेर बीमितलाई दुःख दिएमा प्राधिकरणमा जानकारी दिन आग्रह गर्नुभयो ।

कार्यक्रममा सम्बन्धित नगरपालिकाका उपाध्यक्ष, वडा अध्यक्ष, सदस्य र कर्मचारीहरु, बीमा कम्पनीका शाखा कार्यालयका प्रतिनिधि, अगुवा कृषक, शिक्षक लगायतको सहभागिता रहेको थियो ।

## जीवन बीमा अभिकर्तासँग अन्तरक्रिया

### बीमालेख बिक्रीपछिको सेवालाई समेत सुदृढ गर्न आग्रह

नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयको आयोजनामा मिति २०७९ साल चैत २२ गते पोखरामा जीवन बीमा अभिकर्ताहरूसँगको अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

जीवन बीमा गर्दा बीमा अभिकर्ताले ध्यानुपर्ने विषय, जोखिमाङ्कन, बीमालेख बिक्रीपछिको सेवा, बीमाप्रतिशत विश्वास अभिवृद्धिमा बीमा अभिकर्ताको भूमिका लगायतका विषयमा छलफल भएको थियो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयका प्रमुख केशव प्रसाद दाहालले बीमाको विश्वसनीयता बढ्ने गरी काम गर्न र बीमालेख बिक्रीपछिको सेवालाई समेत सुदृढ गर्न बीमा अभिकर्ताहरूलाई निर्देशन दिनुभयो ।

कार्यक्रममा नेपाल इन्स्यारेन्स प्रोफेसनल्स सोसाइटी (NIPS), पोखराका पदाधिकारी, जीवन बीमा अभिकर्ताहरु लगायतको सहभागिता रहेको थियो ।

## नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) मा बीमा सचेतना कार्यक्रम

# जोखिम कम भएकाको बीमा गर्न सहज र बढी जोखिम देखिएकाको बीमा गर्न कठिन




कार्यक्रममा सहभागीहरू ।

नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयको आयोजनामा यही २०८० साल वैशाखमा नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) जिल्लाका सरावल गाउँपालिका, प्रतापुर गाउँपालिका र रामग्राम नगरपालिकामा बीमा सम्बन्धी सचेतनामूलक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

सरावल गाउँपालिकामा यही वैशाख १२ गते भएको कार्यक्रममा प्रमुख अतिथि सरावल गाउँपालिकाका उपाध्यक्ष बासमती चमारले जोखिम हस्तान्तरण गरी आर्थिक सुरक्षा गर्नका लागि बीमा आवश्यक भएकाले गाउँपालिकाले आगामी नीति तथा कार्यक्रममा बीमालाई समावेश गरी अगाडि बढ्ने जानकारी दिनुभयो ।

कार्यक्रममा सहभागीहरूले बीमा कम्पनीहरूले बाली बीमा गर्न नमानेको, गाडीको बीमा दाबी भुक्तानीमा जटिलता रहेको, दाबी सम्बन्धी समस्या हल नभएको, बीमाका बारेमा जानकारी नपाएको लगायतका धारणा राख्नुभएको थियो ।

प्रतापपुर गाउँपालिकामा यही वैशाख ११ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि प्रतापपुर गाउँपालिकाका अध्यक्ष उमेश चन्द्र यादवले गाउँपालिकाले आर्थिक सहयोग गरी विपन्न बर्ग र अशक्तलाई समेत बीमाको दायरामा ल्याउने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

अध्यक्ष यादवले बीमा जोखिम हस्तान्तरण गरी आर्थिक सुरक्षण गर्ने र बचत गर्ने एक माध्यम समेत भएको उल्लेख गर्नुहुँदै बीमा सम्बन्धी नीति तर्जूमामा प्राविधिक सहयोग गर्न नेपाल बीमा प्राधिकरणलाई आग्रह गर्नुभयो ।

रामग्राम नगरपालिकामा यही २०८० साल वैशाख १४ गते भएको बीमा सम्बन्धी जानकारीमूलक अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथि रामग्राम नगरपालिकाका प्रमुख धनपत यादवले बीमा व्यक्ति र सम्पत्तिको जोखिमसँग जोडिएको विषय भएकाले कुन कुनको बीमा हुन्छ र कुन कुनको बीमा हुँदैन भन्ने बारेमा सबैलाई जानकारी दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

प्रमुख यादवले जोखिम कम भएकाको बीमा सहज तरिकाले हुने तर बढी जोखिम देखिएकाको भने बीमा गर्न कठिन हुने समस्या देखिएको बताउनुभयो ।

रामग्राम नगरपालिकाका उपप्रमुख सम्झना चौधरीले बीमा कम्पनीहरूले बीमा गर्न आकर्षित गर्ने तर दाबी भुक्तानीका समयमा भने विभिन्न बहाना बनाउने जस्ता समस्या रहेको उल्लेख गर्नुहुँदै दाबी भुक्तानीलाई सहज बनाउने भएका बीमाको पहुँच विस्तारमा समन्वय गर्न नगरपालिका तयार रहेको बताउनुभयो ।

कार्यक्रममा सहभागीहरूले कृषिबीमाको दाबी भुक्तानी दुई वर्षसम्म पनि नपाएको, कोरोना बीमाको दाबी भुक्तानी अझैसम्म नभएको, बीमा सजिलै गर्ने तर दाबी भुक्तानीका बेला अनेक कागजात मागेर हैरान गर्ने गरेको, काँटो इँटाको बीमा गर्न नमानेको लगायतका गुनासहरु गर्नुभएको थियो ।

ती कार्यक्रमहरूमा नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयका प्रमुख पूर्ण बहादुर थापाले बीमा दाबी गर्दा आवश्यक कागजात सहित आफैले दाबी गर्नुपर्ने र विचौलियालाई त्यसको जिम्मा दिन नहुने बताउनुहुँदै कुनै समस्या परेमा प्राधिकरणलाई जानकारी दिन आग्रह गर्नुभयो ।

कार्यक्रममा सम्बन्धित पालिकाका वडा अध्यक्ष, कार्यकारी सदस्य र कर्मचारी, विभिन्न बीमा कम्पनीका शाखा कार्यालयका प्रमुख/प्रतिनिधिहरु लगायतको सहभागिता रहेको थियो ।

## रूकुम (पूर्व) मा बीमा सचेतना कार्यक्रम

### बीमा सर्भेयरले क्षति भएका सम्पत्तिको कम मूल्याङ्कन गर्ने गरेको गुनासो

नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयको आयोजनामा यही २०८० साल वैशाखमा रूकुम (पूर्व) जिल्लाका भूमे गाउँपालिका, पुथा उत्तरगङ्गा गाउँपालिका र सिस्ने गाउँपालिकामा बीमा सम्बन्धी जानकारीमूलक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

**भूमे गाउँपालिका**मा यही वैशाख १८ गते भएको कार्यक्रममा भूमे गाउँपालिकाका अध्यक्ष होम प्रकाश श्रेष्ठले बीमा सम्बन्धी कार्यक्रम ल्याउन गाउँपालिका तयार रहेको जानकारी दिनुहुँदै बीमा सम्बन्धी नीति तर्जुमामा आवश्यक सहयोग गर्न नेपाल बीमा प्राधिकरणसँग आग्रह गर्नुभयो ।

**पुथा उत्तरगङ्गा गाउँपालिका**मा यही वैशाख १७ गते आयोजित कार्यक्रमा पुथा उत्तरगङ्गा गाउँपालिकाका अध्यक्ष पुनीराज घर्तीले बीमा सम्बन्धी सचेतनामूलक कार्यक्रम आयोजना गरी बीमाका बारेमा जानकारी दिएकोमा प्राधिकरणप्रति आभार प्रकट गर्नुभयो ।

**सिस्ने गाउँपालिका**मा यही वैशाख १९ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि सिस्ने गाउँपालिकाका अध्यक्ष कृष्ण रेग्मीले गाउँपालिकाको आगामी बजेटमा बीमालाई प्राथमिकतामा राख्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । साथै, उहाँले बीमा गर्न सजिलो तर दाबी भुक्तानी पाउन झन्झटिलो भएकाले त्यसमा सुधार गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

ती कार्यक्रममा सहभागीहरूले भौगोलिक विकटतालाई ध्यानमा राखी बीमा गरिएका पशुपन्छीको क्षति हुँदा भिडियो बनाउनुपर्ने व्यवस्था हटाउनुपर्ने, समयमै बीमा दाबी भुक्तानी नपाएको, बीमा सर्भेयरले क्षति भएको सम्पत्तिको कम मूल्याङ्कन गर्ने गरेको, बीमा कम्पनीले खच्चड र बङ्गुरको बीमा गर्न नमानेको, बीमा गरिएका भवन बाढीबाट क्षतिग्रस्त हुँदा दैवि प्रकोपको कारणले क्षति भएको भनी बीमा कम्पनीले दाबी भुक्तानी नदिएको, लघुबीमाका बारेमा जानकारी नपाएको लगायतका धारणा राख्नुभएको थियो ।

ती कार्यक्रमहरूमा नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयका प्रमुख पूर्ण बहादुर थापाले न्यून आय भएका बर्ग, पिछडिएका बर्ग तथा समूह पहिचान गरी बीमा मार्फत उनीहरूको जीवन तथा सम्पत्तिको रक्षावरण गर्न गाउँपालिकाहरूसँग आग्रह गर्नुभयो ।

कार्यक्रमहरूमा सम्बन्धित गाउँपालिकाका वडा अध्यक्ष, कार्यपालिका सदस्य र कर्मचारीहरू, बीमा कम्पनीका शाखा कार्यालयका प्रमुख/प्रतिनिधिहरु लगायतको सहभागिता रहेको थियो ।

## कास्की जिल्लामा बीमा सचेतना कार्यक्रम

### घर र मन्दिरहरूको बीमा गर्न बीमकहरूसँग सहकार्य गर्ने प्रतिवद्धता

नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयको आयोजनामा मिति २०७९ चैत १९ गते कास्की जिल्लाको अन्नपूर्ण गाउँपालिकामा बीमा सम्बन्धी सचेतनामूलक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष विष्णु बहादुर के.सी. ले कृषिका साथै घर, मन्दिर लगायतको बीमाका लागि बीमा कम्पनीहरूसँग सहकार्य गरी अघि बढ्ने बताउनुभयो ।

नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयका प्रमुख केशव प्रसाद दाहालले बीमा बजारको विद्यमान अवस्था, बीमा क्षेत्रको विकास एवम् विस्तारका लागि स्थानीय सरकारसँग प्राधिकरणको अपेक्षा लगायतका विषयमा प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा अन्नपूर्ण गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीहरु, बीमकका शाखा प्रमुख, कृषि प्राविधिक, वित्तीय संस्थाका प्रतिनिधि, बीमा अभिकर्ताहरु लगायतको सहभागिता रहेको थियो ।

## ताप्लेजुङ र पाँचथरमा बीमा सम्बन्धी जानकारीमूलक अन्तरक्रिया

# असिनाका कारण कृषिबाली क्षति हुँदा बीमा दाबी भुक्तानी नपाएको गुनासो



**नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख कुन्दन सापकोटा फुङलिङ नगरपालिकाका प्रमुख अमिर मादेनलाई सम्झनाको चिनो प्रदान गर्दै ।**

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको आयोजनामा यही २०८० साल वैशाखमा ताप्लेजुङ र पाँचथर जिल्लामा बीमा सम्बन्धी जानकारीमूलक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

**ताप्लेजुङ जिल्लाको फुङलिङ नगरपालिका**मा यही वैशाख १९ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि फुङलिङ नगरपालिकाका प्रमुख अमिर मादेनले नगरपालिकाको आगामी आर्थिक वर्षको बजेटमा बीमालाई समावेश गरी सबै नगरवासीको दुर्घटना बीमा गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

प्रमुख मादेनले सरकारबाट अनुदानप्राप्त कृषिबीमा गर्नका लागि नगरपालिका क्षेत्रमा बीमा कम्पनीको शाखा कार्यालय खोल्ने व्यवस्था गर्न प्राधिकरणसँग आग्रह गर्नुभयो ।

**पाँचथर जिल्लाको याङवरक गाउँपालिका**मा यही वैशाख २० गते आयोजित कार्यक्रममा प्रमुख अतिथि याङवरक गाउँपालिकाका अध्यक्ष भीम बहादुर योङ्याले गाउँपालिकाको आगामी बजेटमा बीमालाई समावेश गरी अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

याङवरक गाउँपालिकाका उपाध्यक्ष बाबा मेयाङवोले बीमा सम्बन्धी जानकारीमूलक कार्यक्रम आयोजना गरी बीमाको महत्वका बारेमा जानकारी दिएकोमा प्राधिकरणप्रति आभार प्रकट गर्नुभयो ।

कार्यक्रमहरूमा सहभागीहरूले बीमा गर्न सहज भए जस्तै दाबी भुक्तानी सहज नभएको, बीमा गरिएका कृषिबाली असिनाका कारणले क्षति हुँदा समेत दाबी भुक्तानी नपाएको, कृषिबीमाका लागि प्राधिकरणले तोकेका बीमा कम्पनीले शाखा कार्यालय स्थापना नगर्दा कृषिबीमा गर्न नपाएको, बीमा कम्पनीहरु गाउँमा नआएको लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रमहरूमा नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख कुन्दन सापकोटाले बीमा सम्बन्धी समग्र विषयमा जानकारी दिनुहुँदै बीमा सम्बन्धी कुनै गुनासा भए प्राधिकरणलाई जानकारी दिन आग्रह गर्नुभयो ।

कार्यक्रममा सम्बन्धित नगरपालिकाका उपप्रमुख, वडा अध्यक्ष कार्यकारी सदस्य र कर्मचारीहरु, बीमा कम्पनीका शाखा कार्यालयका प्रमुख/प्रतिनिधि, अगुवा कृषहरु लगायतको सहभागिता रहेको थियो ।

सङ्क्षिप्त

# समाचार

### बीमक दर्ता तथा बीमा व्यवसाय संचालन सम्बन्धी (दोस्रो संशोधन) निर्देशिका, २०८०

नेपाल बीमा प्राधिकरणले बीमक दर्ता तथा बीमा व्यवसाय संचालन सम्बन्धी निर्देशिका, २०७३ लाई मिति २०८० साल वैशाख ३ गते संशोधन गरी बीमक दर्ता तथा बीमा व्यवसाय संचालन सम्बन्धी (दोस्रो संशोधन) निर्देशिका, २०८० जारी गरेको छ ।

निर्देशिकामा मिति २०७९ साल चैत मसान्तभित्र चुक्ता पूँजी कायम गर्न नसक्ने बीमकले मनासिव कारण सहित निवेदन दिएमा प्राधिकरणले यस निर्देशिका बमोजिमको चुक्ता पूँजी मिति २०८० साल असार मसान्तभित्र कायम गर्नेगरी म्याद थप गर्न सक्ने व्यवस्था गरिएको छ ।

### बीमकको शाखा कार्यालय स्थापना सम्बन्धी निर्देशिका, २०७९

नेपाल बीमा प्राधिकरणले प्राधिकरणबाट इजाजतपत्र प्राप्त बीमकको शाखा कार्यालय स्थापना गर्ने कार्यलाई व्यवस्थित बनाउने उद्देश्यले 'बीमकको शाखा कार्यालय सम्बन्धी निर्देशिका, २०७९' जारी गरेको छ ।

प्राधिकरणबाट मिति २०८० साल चैत १६ गते जारी मार्गदर्शनमा बीमकले बीमाको दायरामा नआएका, बीमकहरूको उपस्थिति न्यून रहेका र कुनै पनि बीमा कारोवार गर्ने इकाई नभएका गाउँपालिका वा नगरपालिकामा शाखा कार्यालय खोल्न प्राथमिकता दिनुपर्ने उल्लेख छ ।

बीमकका प्रदेश कार्यालय र शाखा तथा उपशाखा कार्यालयबाट कृषि, पशुपन्छी तथा अन्य बीमा सेवा समेत प्रदान गर्नुपर्ने, शाखा कार्यालयलाई कम्तीमा साना बीमा दाबी भुक्तानी, जोखिमाङ्कन, बीमा बजारीकरण र कार्यालय व्यवस्थापन सम्बन्धी अधिकारहरु प्रत्यायोजन गर्नुपर्ने, कार्यबोझ अनुसार कर्मचारीहरूको व्यवस्थापन गर्नुपर्ने लगायतका व्यवस्था गरिएका छन् ।

### विदेशमा बीमकहरूले शाखा कार्यालय स्थापना गर्नसक्ने सम्बन्धी व्यवस्था

नेपाल बीमा प्राधिकरणले जारी गरेको 'बीमकका शाखा कार्यालय सम्बन्धी निर्देशिका, २०७९' मा विदेशमा शाखा तथा सम्पर्क/प्रतिनिधि कार्यालय स्थापना गर्ने सम्बन्धी व्यवस्था समेत गरिएको छ ।

बीमकले विदेशमा शाखा कार्यालय वा सम्पर्क/प्रतिनिधि कार्यालय स्थापना गर्न प्राधिकरणबाट पूर्वस्वीकृति लिनुपर्ने, शाखा वा सम्पर्क/प्रतिनिधि कार्यालय खोल्न चाहेका मुलुकले तोकेका मापदण्ड अनुरूप सहमति लिई अन्तिम स्वीकृतिका लागि प्राधिकरण समक्ष निवेदन दिनुपर्ने, सम्बन्धित देशको नियामक निकायले तोकेको पूँजी पूरा गर्नुपर्ने र त्यस्तो पूँजी विदेशी मुद्रामा लगानी गर्न कानून बमोजिम सम्बन्धित निकायको स्वीकृतिपत्र प्राधिकरणमा पेश गर्नुपर्ने लगायत व्यवस्था निर्देशिकामा रहेका छन् ।

### जीवन बीमालेख सम्बन्धी निर्देशिका, २०७९

नेपाल बीमा प्राधिकरणले बीमालेख स्वीकृति प्रक्रियालाई सरलीकृत र व्यवस्थित बनाई एकरूपता कायम गर्नका लागि 'जीवन बीमालेख सम्बन्धी निर्देशिका, २०७९' जारी गरी गरेको छ ।

मिति २०७९ साल चैत १९ गतेदेखि जारी भएको निर्देशिकामा बीमकले बीमालेख तयार गर्नुअघि बजार अनुसन्धान प्रतिवेदन, लागत-लाभ विश्लेषण, जोखिमको पहिचान, आँकलन तथा न्यूनीकरण सम्बन्धी योजना, बीमालेख बजारीकरण योजना र बीमालेखको व्यसायिक योजना तयार गर्नुपर्ने लगायतका व्यवस्था गरिएका छन् ।

बीमकले तयार गर्ने बीमालेखको प्रस्तावित नाम बजारमा प्रचलनमा रहेका बीमालेखहरु भन्दा फरक हुनुपर्ने, नेपालको परिवेश सुहाउँदो बीमालेख हुनुपर्ने, बचत प्रकृतिको तथा पेन्सन/एन्युइटी प्रकृतिको बीमालेख तयार गर्दा अनिवार्यरूपमा मृत्यु जोखिम समेत बहन गर्नेगरी तयार गर्नुपर्ने व्यवस्था निर्देशिकामा गरिएको छ ।

यसैगरी, बीमा गर्न चाहने व्यक्तिको आर्थिक क्षमता र पुनर्बीमाको पर्याप्तताका आधारमा बीमाङ्क रकम निर्धारण गर्नुपर्ने, न्यूनतम बीमा अवधि पाँच वर्ष कायम गरी बीमालेख तयार गर्नुपर्ने, बालबालिकाको बीमा गर्दा प्रस्तावकको समेत अनिवार्यरूपमा जोखिम बहन गर्ने प्रावधान सहित बीमालेख तयार गर्नुपर्ने, रु पाँच लाखभन्दा बढी वार्षिक वा एकल बीमाशुल्क तिर्ने गरी बीमालेख बिक्री गर्दा बीमाशुल्क भुक्तानी गर्ने व्यक्तिको आम्दानीको स्रोत खुलेको कागजात अनिवार्यरूपमा लिनुपर्ने लगायतका व्यवस्था निर्देशिकामा रहेका छन् ।

### बीमकको संस्थागत सुशासन सम्बन्धी (पाँचौं संशोधन) निर्देशिका, २०८०

नेपाल बीमा प्राधिकरणले मिति २०८० साल वैशाख २४ गते बीमकको संस्थागत सुशासन सम्बन्धी (पाँचौं संशोधन) निर्देशिका, २०८० जारी गरी बीमा व्यवसाय प्रवर्द्धन तथा प्रचार प्रसार सम्बन्धी व्यवस्था गरेको छ ।

यस व्यवस्था बमोजिम निर्जीवन बीमा व्यवसाय गर्ने बीमकले व्यवस्थापनको खर्च अन्तर्गत अतिथि सत्कार, व्यापार प्रवर्द्धन, विज्ञापन तथा प्रचार प्रसार र अभिकर्ता शीर्षकमा खूद बीमाशुल्कको बढीमा १.५ प्रतिशतसम्म खर्च गर्न सक्नेछन् ।

सोही बमोजिम बीमकले गरेको कूल खर्चको कम्तीमा २५ प्रतिशत रकम विज्ञान तथा प्रचार प्रसार शीर्षकमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ ।

### बीमक गाभ्ने, गाभिने तथा प्राप्ती गर्ने सम्बन्धी (चौथो संशोधन) निर्देशिका, २०८०

नेपाल बीमा प्राधिकरणले मिति २०८० साल वैशाख २६ गते बीमक गाभ्ने, गाभिने तथा प्राप्ती गर्ने सम्बन्धी (चौथो संशोधन) निर्देशिका, २०८० जारी गरी गाभ्ने, गाभिने तथा प्राप्ती सम्बन्धी प्रक्रिया पूरा गरी एकीकृत कारोवार संचालन गरेका निर्जीवन बीमकले आर्थिक वर्ष २०८०/८१ का लागि व्यापार प्रवर्द्धन, विज्ञापन तथा प्रचार प्रसार शीर्षकमा तोकिएको सीमाका अतिरिक्त एक प्रतिशतसम्म खर्च गर्न सक्ने व्यवस्था गरेको छ ।

### खाद्यान्न बाली बीमालेख

नेपाल बीमा प्राधिकरणले उत्पादनमा आधारित खाद्यान्न बीमालेख जारी गरेको छ । मिति २०७९ फागुन ११ गते जारी गरिएको 'खाद्यान्न बाली बीमालेख' मा हालको चैतेधान बाली (सामूहिक) र धान बाली (लागत) बीमालेख समेत समेटिएका छन् ।

खाद्यान्न बाली बीमालेख अन्तर्गत धान, मकै, गहुँ, जौ र कोदो बालीको बीमा गर्न सकिन्छ । यस बीमालेखले आगलागी, हुरी बतास, आँधीबेहरी, तुफान, अतिवृष्टि वा बेमौसमी वर्षा, असिना वा हिउँ, बाढी वा डुवान, खडेरी, तुसारो, भुकम्प, पहिरो वा भू-स्खलन, रोग वा कीरा तथा जङ्गली जनावरको आक्रमण लगायतका जोखिमको आर्थिक रक्षावरण गर्दछ ।

खाद्यान्न बालीको बीमा सामूहिक रूपमा पनि गर्न सकिने व्यवस्था गरिएको छ ।

धान र कोदो बालीको हकमा रोपण गरेको ३० दिनभित्र र मकै, गहुँ तथा जौ बालीको हकमा बीऊ छरेको सात दिनपछि ३० दिनभित्र बीमा गरिएको हुनुपर्नेछ र खाद्यान्न बालीमा क्षति भएमा क्षतिको तीन दिनभित्र बीमितले बीमकलाई जानकारी गराउनुपर्ने व्यवस्था खाद्यान्न बाली बीमालेखमा रहेको छ ।

यसैगरी, खाद्यान्न बाली बीमालेखले कृषकको दुर्घटना बीमा वापत बीमाङ्क रकम रु दुई लाख बराबरको समेत रक्षावरण गर्दछ ।

धान, मकै र गहुँ बालीको हकमा बीमाङ्क रकमको पाँच प्रतिशत र जौ तथा कोदो बालीको हकमा बीमाङ्क रकमको तीन प्रतिशत बीमाशुल्क कायम गरिएको छ भने कृषकको दुर्घटना बीमा वापत प्रति बीमालेख रु पाँच सय कायम गरिएको छ ।

### लघुबीमा निर्देशन, २०७९

नेपाल बीमा प्राधिकरणले लघुबीमा व्यवसायको विकास, प्रवर्द्धन तथा व्यवस्थापन गरी बीमा मार्फत न्यून आय भएका बर्गको जीवन तथा सम्पत्तिको सुरक्षा गर्नका लागि लघुबीमा निर्देशन, २०७९ जारी गरेको छ ।

लघुबीमा निर्देशन, २०७९ जारी भएको मिति २०७९ चैत १३ गतेदेखि नै लागू भएको निर्देशनमा देशका गरीब, न्यून आय भएका बर्ग, पिछडिएका क्षेत्रका बासिन्दा तथा सीमान्तकृत समुदायलाई लक्षित गरी बीमकले लघुबीमा व्यवसाय गर्नुपर्ने व्यवस्था गरिएको छ ।

बीमकले जीवन लघुबीमाको हकमा कुनै एक वा सोभन्दा बढी अवधिको र निर्जीवन लघुबीमाको हकमा एक वर्ष वा सोभन्दा कम अवधिका लागि मात्र लघुबीमालेख जारी गर्न सक्ने, बीमितबाट पूरा बीमाशुल्क प्राप्त नगरी लघुबीमालेख जारी गर्न नपाइने व्यवस्था रहेको छ ।

बीमकले प्रत्यक्ष वा लघुबीमा अभिकर्ता मार्फत लघुबीमा गराउन सक्ने, लघुबीमा जोखिमाङ्कन नीति तयार गर्नुपर्ने, सामूहिक लघुबीमालेख जारी गर्न सकिने, लघु निर्जीवन बीमकले अधिकतम रु ५० लाख र लघु जीवन बीमा कम्पनीले रू. पाँच लाखभन्दा कम बीमाङ् भएको जीवन लघुबीमा गर्न सक्ने लगायतका व्यवस्था लघुबीमा निर्देशनमा रहेका छन् ।